संघीय संसद

राष्ट्रिय सभा

चौधौं अधिवेशन

बैठक-१०

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ०८:०१ बजे*

*बैठक स्थगित : ०८:२० बजे*

२०८० जेठ १५ गते, सोमवार

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको दशौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न ०८:०१ बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महत**लाई आगामी आर्थिक वर्ष २०८०/८१ को राजस्व र व्ययको वार्षिक अनुमानको प्रति सभा समक्ष टेबुल गर्न समय उपलब्ध गराउनु भएपछि माननीय अर्थ मन्त्रीले उक्त प्रति सभा समक्ष टेबुल गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले आगामी आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल गर्न मिति २०८० जेठ २१, २२ र २३ गतेका दिनहरू र माननीय अर्थमन्त्रीबाट जवाफका लागि मिति २०८० जेठ २३ गतेको दिन निर्धारण गरिएको ब्यहोरा जानकारी गराउनुहुँदै छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले दलीय आधारमा बैठक सुरु हुनु एक दिन अगावै कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा) मा नाम उपलव्ध गराई दिनुहुन जानकारी गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"** ले समसामयिक विषयमा बोल्नका लागि समय माग गर्नुभएको जानकारी गराउनुहुँदै सम्माननीय प्रधानमन्त्रीलाई बोल्नका लागि समय उपलब्ध गराउनुभयो। त्यसपछि सम्माननीय प्रधानमन्त्रीले आफ्नो आसन्न भारत भ्रमणको बारेमा सभामा जानकारी गराउनुभयो।

तदुपरान्त, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका माननीय सभापति जयन्ती देवी राईलाई **"कोभिड-१९ संकट व्यवस्थापन विधेयक, २०७८"** सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय सभापति जयन्ती देवी राईले उक्त प्रतिवेदन सभामा पेस गर्नुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले नेपालको संविधानको धारा ११२ र राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ११६ बमोजिम **स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहनबहादुर बस्नेत**लाई राष्ट्रिय सभामा विचाराधीन **"कोभिड-१९ संकट व्यवस्थापन विधेयक, २०७८ फिर्ता गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त प्रस्तावमा कुनै पनि माननीय सदस्यबाट विरोध नभएको जानकारी गराउनुहुँदै सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्नुभयो र उक्त प्रस्ताव सभाबाट सर्वसम्मतिले स्वीकृत भई सभाबाट फिर्ता भयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८० साल जेठ २१ गते आइतबार अपराह्न १ बजेर १ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव